# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३४० | काठमाडौं | सोमबार, २७ चैत २०७९ | Prabhab National Daily | Monday, 10 April 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# बेथितिको चंगुलमा रास्वपा

**■ जेबी योञ्जन**

**काठमाडौं–** पुराना दलहरूको कार्यशैलीबाट आजित भएका जनताले गत मंसिरको संसदीय चुनावमा नयाँ दल रोजे । त्यही असन्तुष्टिको मत पाएर चुनावभन्दा छ महिनाअघि मात्र स्थापना भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रतिनिधिसभामा चौथो दलको रूपमा उदायो । अनपेक्षित मतसहित संघीय संसद्मा दरिलो उपस्थिति जनाएको उक्त पार्टीका सांसदहरू भने एकपछि अर्को विवादमा मुछिरहेका छन् । जुन वैकल्पिक शक्तिको रूपमा रास्वपालाई देख्न चाहेका जनताको भावनाविपरीत देखिन्छ ।

आइतबार मात्रै रास्वपाका सांसद डा. ढाकाकुमार श्रेष्ठको अडियो प्रकरण बाहिरिएको छ । श्रेष्ठले स्वास्थ्यमन्त्री बन्न विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग दुई करोड ५० लाख रूपैयाँ मागेको अडियो सार्वजनिक भएको हो । प्रसाईंसँगको टेलिफोन कुराकानीमा श्रेष्ठले स्वास्थ्यमन्त्री बन्न पार्टीलाई उक्त रकम बुझाउनुपर्ने बताउँदै सहयोग गर्न आग्रह गरेको सुनिन्छ । आफैं विवादित रहेको प्रसाईंले पनि सहयोगको प्रतिबद्धता जनाउँछन् । सांसद श्रेष्ठले प्रसाईंलाई मिलेर काम गर्ने र उनको कामसमेत गरिदिने वाचा गरेका छन् ।

भ्रष्टाचार र बेथितिको चर्को विरोध गर्ने दलकै सांसद पैसा मागेको प्रकरणमा मुछिएपछि रास्वपाभित्र तरंग ल्याएको छ । यो प्रकरणमा श्रेष्ठ मात्रै नभई समग्र रास्वपामाथि नै प्रश्न उठाएको छ । किनभने, सांसद श्रेष्ठले मन्त्री बन्न पार्टीका सभापति रवि लामिछानेको टिमलाई साढे दुई करोड बुझाउनुपर्ने बताएका छन्, जुन निकै गम्भीर विषय भएको विश्लेषकहरू बताउँछन् ।

'सांसद र मन्त्री बन्न पैसा बुझाउनुपर्ने प्रवृत्ति पुराना दलहरूभित्र चल्दै आएको हो, यसलाई वैकल्पिक शक्तिको रूपमा उदायको रास्वपाले तोड्ने अपेक्षा गरिएको थियो,' ती विश्लेषकले भने, 'तर, रास्वापामा पनि उही प्रवृत्ति देखियो, जुन जनताको अपेक्षाविपरीत छ ।'

उक्त प्रकरण बाहिर आएसँगै रास्वपाले सांसद श्रेष्ठमाथि कारबाही अगाडि बढाएको छ । पार्टी हितविपरीत काम गरेको निष्कर्षसहित उनलाई २४ घण्टे स्पष्टीकरण सोधिएको रास्वपा महामन्त्री डा. मुकुल ढकालले विज्ञप्तिमार्फत जानकारी दिएका छन् । पार्टीको अनुशासन समितिलाई छानबिनका लागि निर्देशनसमेत दिइएको छ । अनुसन्धान पूरा नहुँदासम्म श्रेष्ठलाई साधारण सदस्यसमेतको जिम्मेवारीबाट मुक्त गरिएको विज्ञप्तिमा उल्लेख छ ।

सांसद श्रेष्ठलाई पदबाट निलम्बन गर्न संसद्मा सिफारिस गर्ने रास्वपाको तयारी छ । आफ्ना उम्मेदवार रमेश खरेललाई मत माग्न आइतबार बारा-२ पुगेका सभापति लामिछानेले पनि पैसा मागेको पुष्टि भए सांसद श्रेष्ठलाई जुनसुकै हालतमा कारबाही गर्ने बताए । वाचाका नाममा हिंस्रक अभिव्यक्तिसमेत दिँदै रविले भने, 'सत्यतथ्य सार्वजनिक गरेर कारबाही गर्न सकिनँ भने मलाई यही गढिमाईमा बलि दिनुहोला ।'

जनताको भावनामा खेल्नेगरी रविले यस्तो अभिव्यक्ति दिएका हुन् । यसअघि पनि उनले देशमा आफू घाँडो भए 'मारिदिनू' भनेका थिए । उनै रविले घुस प्रकरणमा मुछिएका सांसद श्रेष्ठलाई कारबाही गर्न प्रतिबद्ध रहेको भन्ने अर्थसँग जोड्दै बलि दिनु भनेका हुन् ।

जबकि, उनी आफैंविरुद्धको राहदानीसम्बन्धी विवाद भने सर्वोच्च अदालतमा छ । उनीविरुद्ध राहदानी दुरूपयोगबारेको कसूरमा दर्ता भएको मुद्दा सर्वोच्चमा विचाराधीन रहेको हो । विधिको शासनको सच्चा परिचालक भन्दै आएका रविले स्वयं एकपछि अर्को कानुनी चुनौतीको सामना गरिरहँदा उनका सांसद श्रेष्ठ अडियो प्रकरणमा मुछिएका हुन् । मन्त्री बन्न प्रसाईंसँग मागिएको रकम भने पार्टी हितमा प्रयोग गरिने बताइएको छ । तर, उक्त रकम पार्टीलाई जाने नजानेमा श्रेष्ठ आफैं अनभिज्ञ रहेको अडियोमा सुनिन्छ ।

श्रेष्ठसँगको कुराकानीका क्रममा प्रसाईंले आफू गोविन्द केसीभन्दा बढी स्वास्थ्य क्षेत्रमा भिडेको बताएका छन् । उनले श्रेष्ठलाई दुई करोड दिन तयार रहेको तर एकैपटक भुक्तानी गर्न बैंकिङ प्रणालीमा नमिल्ने बताएका छन् । 'तपाईं अगाडि बढ्नूस्, दुई करोड दिने भएँ तर (**बाँकी पृष्ठ ३ मा**)




- रास्वपा सांसदहरु एकपछि अर्को विवादमा मुछिँदै
- सांसद ढाकाबहादुर श्रेष्ठले स्वास्थ्यमन्त्री बन्न दुर्गा प्रसाईँसँग साढे दुई करोड मागेको अडियो सार्वजनिक
- रविले टिमलाई बुझाउनुपर्ने भन्दै प्रसाईँसँग सहयोगको याचना
- सांसद श्रेष्ठलाई २४ घण्टाभित्र स्पष्टीकरण पेस गर्न निर्देशन
- ७२ घण्टाभित्रै छानबिन गरी कारबाही गर्ने रविको उद्घोष

> रास्वपाले सत्ता स्वाद चाखेको र त्यसमा भुलेको ज्वलन्त उदाहरण श्रेष्ठ-प्रसाईं संवादलाई लिन सकिन्छ । रास्वपा विचारविनाको मानिसहरूको चौताराजस्तै हो । यस्तो दल पाँच वर्षमा पाँचचोटी फुट्ने र भ्रष्टाचार, घूसखोरीदेखि विधिको शासनको विराधी बन्दै बेथितिको चंगुलमा डुब्नेछ ।
>
> ● **भीम भुर्तेल**
> राजनीतिक विश्लेषक

# आमाकै थर र ठेगानाबाट जन्मदर्ता

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** एकल महिलाबाट जन्म भएका बच्चाको जन्मदिने आमाकै थर र ठेगानाबाट जन्मदर्ता हुने भएको छ । मावलीको थरबाट जन्मदर्ता गर्नेगरी यसअघि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले स्थानीय तहका वडा कार्यालयहरूलाई परिपत्र गरेको थियो । यसको सर्वत्र विरोध भयो । त्यही भएर विभागले लैंगिक भूमिकालाई उच्च सम्मान गर्दै नेपालको संविधानको धारा ३९ अनुसार संरक्षण गर्न प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्मदर्ताको हकका लागि उल्लिखित परिपत्रका सम्बन्धमा थप स्पष्ट गरिएको जनाएको छ ।

> विभागद्वारा जारी आठ बुँदे परिपत्रमा एकल महिलाबाट जन्म भएको तर पितृत्वको ठेगान नलागेको बच्चाको जन्मदर्ता गर्दा आमाको थर र स्थायी ठेगाना राखी जन्मदर्ता गरिदिने उल्लेख छ ।

विभागका महानिर्देशक रुद्रप्रसाद पण्डितले यसअघि जारी भएका परिपत्रलाई थप स्पष्ट पार्नुपर्ने भएकाले केही बुँदा थप गरेर नयाँ परिपत्र जारी गरेको बताए । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली (दोस्रो संशोधनसहित) २०७७ को नियम २८ को देहाय खण्ड (क) बमोजिम जन्मदर्ता सम्बन्धमा सहजता र एकरूपता कायम गर्नेगरी आइतबार नयाँ परिपत्र जारी गरेको जानकारी दिएको छ । विभागद्वारा जारी आठ बुँदे परिपत्रमा एकल महिलाबाट जन्म भएको तर पितृत्वको ठेगान नलागेको बच्चाको जन्मदर्ता गर्दा आमाको थर र स्थायी ठेगाना राखी जन्मदर्ता गरिदिने उल्लेख छ ।

यस्तै, विवाहअघि बच्चाको जन्म भएको एकल महिलाले विवाह गरी पतिको ठेगानामा सँगै बसेको अवस्थामा आमा सूचक भई बच्चा जन्मँदा कायम भएको आमाको थर राखी हालको स्थायी ठेगानामा जन्मदर्ता गरिदिन र यदि बच्चा मावलीमा बसेको भए सोही ठेगानामा जन्मदर्ता गरिदिन भनेको छ ।

विभागले बच्चाको जन्मदर्ता भइसकेपछि पितृत्व/बाबुको ठेगान पत्ता लागेको अवस्थामा माथि प्रकरण नम्बर (१) र (२) अनुसार भएको जन्मदर्ता नियमानुसार रद्द गरी बाबुको ठेगानाबाट बाबु वा आमा वा दुवैको थर राखी नयाँ जन्मदर्ता गर्न भनेको छ ।

परिपत्रमा नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको बच्चाको कुनै पनि परिवार नभएको प्रमाणित भएको बच्चा फेला परेमा हेरचाह गर्ने कानुनबमोजिमको संरक्षकले दिएको ठेगाना, नाम, थर राखी जन्मदर्ता गर्नुपर्ने उल्लेख छ ।

बाबुआमाको कानुनबमोजिम सम्बन्धविच्छेद (**बाँकी पृष्ठ ३ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## मलेसियामा व्यवसायी राईको मृत्यु प्रकरण

# नेपालीबाटै हत्याको आशंका

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** मलेसियामा शंकास्पदरूपमा मृत अवस्थामा फेला परेका वैदेशिक रोजगार व्यवसायी रिञ्जी राईको हत्या भएको हुनसक्ने आशंका गरिएको छ । मार्भेलस इम्प्लोइमेन्ट नेपालका प्रबन्ध निर्देशकसमेत रहेका राई मलेसियाको एक कम्पनीको होस्टलको शौचालयमा झुण्डिएको अवस्थामा मृत फेला परेका थिए ।

झुण्डिएको अवस्थामा फेला परेका मृतक राईको खुट्टाले भुइँमा टेकिरहेको तस्बिर सार्वजनिक भएपछि वैदेशिक रोजगार व्यवसायीहरूले उनको हत्या भएको हुनसक्ने दाबी गरेका छन् । व्यवसायीहरूको आशंकाबीच मार्भेलसका अर्का सञ्चालक भरत पाण्डेले पनि राईको हत्या नै भएको हुनसक्ने बताएका छन् । 'पोस्टमार्टम रिपोर्ट नआएसम्म के भएको हो, यकीन भन्न सकिँदैन,' उनले भने, 'सोमबार पोस्टमार्टम रिपोर्ट आउँछ भन्ने जानकारी पाइएको छ, त्यसपछि मात्रै के कसो भएको हो भन्नेमा खोजीनीति गर्न सहयोग पुग्छ ।'

> मलेसियास्थित स्टार डोमेन कम्पनीमा कामदारको विवाद आएपछि समाधानका लागि पुगेका मार्भेलस इम्प्लोइमेन्ट नेपालका प्रबन्ध निर्देशक रिञ्जी राई झुण्डिएको अवस्थामा फेला परेका थिए ।

उनले आवश्यक छानबिन र सहयोगका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा निवेदनसमेत दिएका छन् । उक्त निवेदनमा राईको नेपालीबाटै योजनाबद्धरूपमा हत्या भएको हुनसक्ने दाबी गर्दै शंकरप्रसाद आचार्य र महेन्द्रजंग शाहीको नाम उल्लेख गरिएको छ ।

पाण्डेका अनुसार ग्याण्टिङ आइल्याण्डमा रहेको स्टार डोमेन कम्पनीमा कामदारको विवाद आएपछि राई त्यसको समाधानका लागि मलेसिया पुगेका थिए । समस्या समाधानका लागि बिहीबार आवश्यक छलफलपश्चात् कम्पनीको हेस्टेलमा बसेका राई भोलिपल्ट मृत अवस्थामा भेटिएका थिए ।

# ठगी प्रकरणमा थप एक जना पक्राउ

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीको सिलसिलामा नेपाली श्रमिकको मृत्यु भएमा प्राप्त हुने बिमा रकम ठगी प्रकरणमा थप एक जनालाई प्रहरीले पक्राउ गरेको छ । मृत्यु भएका आफन्तले पाउने बिमा रकम ठगीमा संलग्न रहेको अभियोगमा सूर्यज्योति जीवन बिमा कम्पनीमा कार्यरत उमेश बुढाथोकीलाई पक्राउ गरिएको हो ।

बिमा कम्पनीमा जुनियर अधिकृतको रूपमा कार्यरत बुढाथोकीले बिमा रकम ठगीमा सहजीकरण गर्ने गरेको बुझिएको छ । यसअघि प्रहरीले बिमा रकम ठगीमा संलग्न एक जना सरकारी कर्मचारीसहित सात जनालाई पक्राउ गरेको थियो ।

प्रहरीले ठगीमा संलग्न गिरोहको बयानका आधारमा वैदेशिक रोजगार बोर्डमा कार्यरत नायव सुब्बा (नासु) पशुपति अधिकारीलाई पक्राउ गरेको थियो । पक्राउ परेकाहरूकै थप बयानबाट बिमा कम्पनीमा कार्यरत बुढाथोकीको पनि संलग्नता खुल्न आएपछि नियन्त्रणमा लिइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक (एसपी) रविन्द्र रेग्मीले बताए ।

प्रहरीले शुक्रबार नै पत्रकार सम्मेलन गरी बिमा रकम ठगीधन्दामा सलग्नहरूलाई सार्वजनिक गरेको थियो । पक्राउ परेकाहरूले विदेशमा मृत्यु भएकाहरूको परिवारलाई प्रभावमा पारी सरकारी व्यवस्थाअनुसार स्वतः प्राप्त हुने बिमा रकमको (१३-१४ लाख रूपैयाँ) ५० प्रतिशतभन्दा बढी अर्थात् आठ लाख रूपैयाँसम्म ठगी गरेको खुल्न आएको प्रहरीले उल्लेख गरेको छ । सरकारले वैदेशिक रोजगारीको क्रममा विदेशमा नै मृत्यु भए मृतकका परिवारलाई १४ लाख रूपैयाँ र नेपाल फर्किएर एक वर्षभित्र मृत्यु भएमा १३ लाख रूपैयाँ दिने व्यवस्था गरेको छ ।

ठगीमा संलग्नहरूले बोर्डका नासु अधिकारीसँग आवश्यक सूचना लिने र मृत्यु भएका व्यक्तिको परिवारसम्म पुगी बिमा रकम भुक्तानीका लागि सहयोग गरिदिने भन्दै प्रभावमा पार्ने गरेको पाइएको छ । नासु अधिकारी एक हप्ताअघि मात्रै श्रम, रोजगार तथा सामाजिक मन्त्रालयबाट बोर्डमा सरुवा भएका कर्मचारी हुन् । उनले मन्त्रालयमा हुँदादेखि नै ठगीमा संलग्नहरूलाई आवश्यक सूचना उपलब्ध गराउँदै आएको बताइएको छ ।

ठगी गर्ने गिरोहले विदेशमा मात्र नभई नेपाल फर्किएर मृत्यु भएका मृतकका परिवारलाईसमेत प्रभावमा पार्ने र बिमा रकममा ठगी गर्ने गरेको देखिएको छ । उनीहरूले धेरैजसो मधेस प्रदेशका व्यक्तिलाई लक्षित गरेको र मृतकका परिवारलाई काठमाडौं ल्याएर राखी बिमा रकम भुक्तानी गराई ठगी गर्ने गरेको प्रहरी अनुसन्धाबाट खुलेको छ । प्रहरीले अहिलेसम्म बोर्डका नासु अधिकारी, बिमा कम्पनीका कर्मचारी बुढाथोकीसहित रामबहादुर तामाङ, विनोदकुमार लामा, डिकबहादुर मल्ल, रविन भन्ने रवीन्द्र मोक्तान, प्रकाशबहादुर गोले र रुद्रमान गोले गरी ८ जनालाई पक्राउ गरेको छ ।




# दरबार हाइस्कुलमा आकर्षण

■ शर्मिला पाठक




**काठमाडौं-** ऐतिहासिक धरोहर मानिने दरबार हाइस्कुल (भानु माध्यमिक विद्यालय) मा कक्षा ७ देखि ९ सम्म नयाँ भर्नाका लागि आउने विद्यार्थीको संख्या बढेको छ । कुनै समय विद्यार्थीको अभावमा जेनतेन सञ्चालित यस विद्यालयमा नवनिर्मित भवन, सफा खाजा घर तथा थोरै लगानीमा अंग्रेजी माध्यमा पढाइ हुने हुँदा हरेक दिन नयाँ भर्नाका लागि विद्यार्थी आउने क्रम बढिरहेको हो ।

त्यति मात्रै होइन एसइई सामुदायिक विद्यालयबाट गरेपछि उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति पाउने भएकाले पनि पछिल्लो समय माथिल्लो कक्षामा विद्यार्थी सिट संख्याभन्दा बढी आउने गरेको यस विद्यालयका प्रधानाध्यापक शारदा पौडेलले जानकारी दिइन् ।

शिशु कक्षादेखि कक्षा १० सम्म पठनपाठन भइरहेको यस विद्यालयमा तलका कक्षामा पनि नयाँ भर्नाका लागि विद्यार्थी आउने गरेका छन् । काठमाडौंको मुटुमा रहेको ऐतिहासिक धरोहर यस विद्यालयमा आगामी शैक्षिक सत्रका लागि विद्यालयले यही चैत १७ देखि २८ गतेसम्म नयाँ भर्नाका लागि आह्वान गरेको थियो ।

नयाँ भर्नाका लागि विद्यार्थीको संख्या बढेपछि स्तरमापन गरेर मात्र भर्ना गर्ने तयारी विद्यालयको छ । उक्त परीक्षाका लागि अनिवार्य पाँच विषय नेपाली, अंग्रेजी, विज्ञान, गणित र सामाजिकको (अध्ययनरत) कक्षाको पाठ्यक्रममा आधारित रहेर प्रत्येक विषयबाट २०/२० अंकभारसहित जम्मा १०० पूर्णांकको प्रश्न सोधिने पनि प्रधानाध्यापक पौडेलले जानकारी दिइन् । स्तरमापन गर्दा पास भएका जतिलाई विद्यार्थीलाई भर्ना लिनुपर्छ । 'छनोट गरेर भर्ना गर्दा पनि कक्षा ७ देखि ९ सम्म विद्यार्थीलाई एउटै कक्षालाई तीन सेक्सनमा विभाजन गर्नुपर्ने देखिन्छ,' प्रधानाध्यापक पौडेलले भनिन् ।

नयाँ भर्नाका लागि आउने विद्यार्थी केही अन्य सामुदायिक विद्यालयबाट नै आएका छन् भने अधिकांश निजी विद्यालयबाट आएका छन् । भूकम्प जानुअघि उक्त विद्यालयमा ७१ जना मात्र विद्यार्थी अध्ययनरत रहेकामा अहिले बढेर ५९१ पुगेको छ । गोर्खा भूकम्पले पूर्णरूपमा क्षति भएको यस विद्यालयमा ३० शिक्षक कार्यरत छन् । 'कुनै कक्षामा पनि विद्यार्थीको कमी छैन । विद्यार्थीको संख्या बढिरहेकाले ३६ सिट क्षमता भएको एउटा कक्षामा हामीले ४९ जनासम्म विद्यार्थी राखेर पढाइरेहका छौं,' प्रधानाध्यापक पौडेलले भनिन् । एउटा माध्यमिक विद्यालय सञ्चालन हुनाका लागि ग्रामीण क्षेत्रका प्रत्येक कक्षामा ४० र सहरमा ५५ विद्यार्थी रहनुपर्ने कानुनी व्यवस्था छ ।

ऐतिहासिक र पुरानो विद्यालय भएकाले सुरुको समयमा सम्पन्न परिवारका छोराछोरीले मात्र अध्ययन गर्ने गरेका थिए । कुनै समय श्रमिकका छोराछोरी मात्र पढ्ने गरेको यस विद्यालयमा अहिले सरकारी कर्मचारी तथा स्थानीयवासीका छोराछोरीको आकर्षण बढी छ । विद्यालय भवन ठूलो रहेको हुँदा सहयोगी कर्मचारी एकजना मात्रले सरसफाइको काम गर्न भने समस्या भएको बताइएको छ ।

त्यसैगरी विद्यार्थीको संख्याका आधारमा सम्बन्धित विषय शिक्षकको पनि अभाव रहेको प्रध्यानाध्यापक पौडेलले बताए । यस विद्यालयमा निकट भविष्यमै ललितकला क्याम्पससँग सहकार्य गरेर 'फाइन आर्ट' कक्षा सञ्चालन गर्ने तयारीसमेत रहेको छ ।

आठ वर्षअघिको भूकम्पपछि पुरानै स्वरूपमा पुनर्निर्माण गरिएको उक्त स्कुलको हाताभित्र हाल भानु माध्यमिक विद्यालय र संस्कृत माध्यमिक विद्यालय सञ्चालित रहेका छन् । नौ रोपनी जमिनमा निर्माण गरिएको चार तले सो विद्यालय भवनमा ४० कक्षा कोठा छन् । भूकम्पपछि चीन सरकारको पूर्ण सहयोगमा चिनियाँ कम्पनी सांघाई कन्स्ट्रक्सनले उक्त विद्यालय भवन निर्माण गरेको हो । भूकम्पपछि उक्त स्कुल पुनर्निर्माणको शिलान्यास वि.सं. २०७५ साउन १८ गते गरिएको थियो । वि.सं. २०७७ कात्तिक ५ गते तत्कालीन राष्ट्रप्रमुख विद्यादेवी भण्डारीले रानीपोखरी पुनःनिर्माणसँगै सो विद्यालय भवन उद्घाटन गरेपछि पुनःसञ्चालनमा आएको हो ।

वि.सं. १९१० मा राणाका छोराछोरी पठनपाठन गराउन तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाका पालामा उक्त विद्यालय स्थापना भएको थियो । सुरुमा निर्माण गर्दा माटो, इँट्टा र सुर्की (माटो र चुनबाट बनेको निर्माण सामग्री) को प्रयोग भए पनि अहिले आधुनिक निर्माण सामग्रीले बनेको छ । हाल कामपामा ८९ सामुदायिक विद्यालय सञ्चालित रहेकामा नमूना विद्यालयका रूपमा दरबार हाइस्कुलसहित अन्य दुई विद्यालय छन् । ती विद्यालयलाई अन्यभन्दा थप व्यवस्थित रूपमा सञ्चालन गर्न चालु आर्थिक वर्षमा एक करोड रूपैयाँ बजेट विनियोजन गरिएको काठमाडौं महानगरपालिकाका शिक्षा विभाग प्रमुख रामप्रसाद सुवेदीले जानकारी दिए । यस विद्यालयमा हरेक दिन विद्यार्थीको संख्या बढिरहेकाले कामपाले आवश्यकअनुसार दरबन्दी थप गर्ने विषयमा पनि छलफल गरिरहेको प्रमुख प्रमुख सुवेदीले बताए । *रासस*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५/०६/०४ मा दर्ता भएको प्रा.लि. नं. १९९१३३ को **ए.आर.पि.डि. फुटवेयर प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/०८/०८ मा दर्ता भएको प्रा.लि. नं. २७७८७९ को **मगर लाफा होटल प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो** पटक प्रकाशित मिति: २०७९/१२/२७

यस कम्पनीको मिति २०७९/०४/०५ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णयानुसार तथा मिति २०७९/०४/१८ को कम्पनी रजिष्ट्रार कार्यालयको स्वीकृति अनुरुप साबिक कम्पनी **एफ.भि. इन्टरनेशनल क्लिनीक प्रा.लि. (प्रा.लि. नं. ६५१६६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको **स्वाकन इन्टरनेशनल क्लिनीक प्रा. लि. अंग्रेजीमा Swacon International Clinic Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सुचना प्रकाशित मिति :२०७९/१२/२७**

यस चटियाताल सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/०७९ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको साल जातको बिभिन्न ग्रेडको गोलिया थान १८ को २३५.७५ घ.फि.र बृक्षारोपण सिसौ जातको बि ग्रेडको गोलिया थान २३ को ८२.५० घ.फि.गोलिया काठ तथा उपरोक्त जातहरूको १.५० चट्टा मिश्रीत दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ,दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस संबन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ । पूर्ण ब्यहोराको सूचना यस समुहको सुचना पाटीमा टांस गरिएको छ ।

**श्री चटियाताल सामुदायिक वन उपभोक्ता समूह**
**बाँसगढी नगरपालिका-४ पार्बतीपुर बर्दिया**


# बिस्का जात्रालाई शान्तिपूर्ण बनाउन सद्भाव ऱ्याली

■ प्रभाव संवाददाता

**भक्तपुर-** तान्त्रिक विधिबाट आठ रात, नौ दिन मनाइने भक्तपुरको ऐतिहासिक एवं सांस्कृतिक महत्त्व रहेको बिस्का जात्रा शान्तिपूर्ण, मर्यादित र सुरक्षित ढंगले मनाउने सन्देश प्रवाह गर्दै आइतबार भक्तपुरमा सद्भाव ऱ्याली आयोजना गरिएको छ ।

भक्तपुरमा आज (सोमबार)देखि सुरु हुने बिस्का जात्रालाई ढुंगा हानाहान नगरी शान्तिपूर्णरूपमा भव्यसँग मनाउने सन्देश प्रवाह गर्दै आइतबार दत्तात्रय इनाय टोल र दूधपाटीबाट एकैसाथ सुरु भएको ऱ्याली पाँचतले मन्दिर प्रांगण तौमढीमा पुगेर सभामा परिणत भएको थियो ।

'बिस्केट जात्रा शान्तिपूर्ण रूपमा मनाऔं' भन्ने नारा लगाउँदै भएको ऱ्यालीमा सांसद प्रेम सुवाल, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, भक्तपुरका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजाल, सहायक प्रजिअ माधवप्रसाद शर्मा, नेपाल प्रहरी,सशस्त्र प्रहरी, नेपाली सेना, विभिन्न विद्यालय एवं क्याम्पसका विद्यार्थी, नेपाल स्काउट, क्लब, सहकारी, विभिन्न संघसंस्थाका सयौं व्यक्ति सहभागी ऱ्याली तौमढी पुगेको थियो ।

सद्भाव सभामा सांसद सुवालले विश्वप्रसिद्ध यो जात्रालाई विकृतिरहित ढंगले शान्तिपूर्ण रूपमा सम्पन्न गर्न आह्वान गर्दै जात्रालाई भड्किलो नबनाई मितव्ययिता बनाउन आग्रह गरे । भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले बिस्का जात्रा भक्तपुरको गौरव बोकेको जात्रा भएको बताउँदै जात्राबारे सबैलाई जानकारी दिन स्थानीय पाठ्यक्रम निर्माण गरी भक्तपुरका ९२ वटै विद्यालयहरूमा यसको पढाइ भएको बताए ।

कार्यक्रममा भक्तपुरका प्रजिअ रिजालले बिस्का जात्रा भक्तपुरवासी र नेपालकै पहिचान र गौरव बोकेको जात्राका रूपमा रहेकाले यसलाई शान्तिपूर्ण बनाउन सबैले हातेमालो गर्नु आवश्यक रहेको बताए । उनले जात्रामा हुने अवाञ्छित र उच्छृंखल गतिविधिमाथि सिसी क्यामराबाट निगरानी गरी कारबाही गरिने स्पष्ट पारे । गुठी संस्थान भक्तपुरका प्रमुख खिमा वलीले जात्राको आवश्यक तयारी सबै पूरा गरेको बताए ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०४/२३ मा दर्ता भएको **प्रा.लि. नं. १५३४००** को **हिमालयन डायमण्ड एण्ड जेम्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७९/१२/२७

यस कम्पनीको मिति २०७९/०९/२५ मा सम्पन्न बार्षिक/बिशेष साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनी **मोडेल सिद्धस्थली माईस्थान पब्लिक एकेडेमी प्रा.लि. (प्रा.लि. नं. ५८०४७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **अन्नपूर्णा पब्लिक स्कुल महोत्तरी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/१०/२९ मा दर्ता भएको **प्रा.लि. नं. २३४३९५** को **नेपाल ट्रेकिङ्ग अर्गनाइजर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

चैत २७ गते, सोमबार

| | |
|---|---|
| **मेष** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **वृष** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **मिथुन** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **कर्कट** | अरुले आलोचना पनि गर्न सक्छन् । |
| **सिंह** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **कन्या** | आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **तुला** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **वृश्चिक** | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा |
| **धनु** | असर पर्नसक्छ |
| **मकर** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **कुम्भ** | परोपकारमा रुचि बढ्नेछ । |
| **मीन** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

चैत २७ गते, २०७९, १० अप्रिल, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.६८ | १३२.२८ |
| युरो | १ को | १४१.३२ | १४१.९६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६०.७९ | १६१.५३ |
| स्विस फ्रैन्क | १ को | १४३.३६ | १४४.०२ |
| अस्ट्रेलियन डलर | १ को | ८७.४६ | ८७.८६ |
| क्यानाडियन डलर | १ को | ९५.५७ | ९६.०१ |
| सिंगापुर डलर | १ को | ९८.७२ | ९९.१७ |
| जापानी येन | १० को | १०.१५ | १०.२० |
| चिनियाँ युआन | १ को | १९.१५ | १९.२३ |
| साउदी अरब रियाल | १ को | ३५.०५ | ३५.२१ |
| कतारी रियाल | १ को | ३६.१७ | ३६.३३ |
| थाई भाट | १ को | ३.८६ | ३.८७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.८५ | ३६.०२ |
| मलेसियन रिंगेट | १ को | २९.७४ | २९.८७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०९ | १०.१४ |
| स्विडिस क्रोनर | १ को | १२.६२ | १२.६८ |
| डेनिस क्रोनर | १ को | १८.९७ | १९.०५ |
| हङकङ डलर | १ को | १६.७८ | १६.८५ |
| कुवेती दिनार | १ को | ४३०.१९ | ४३२.१५ |
| बहराइन दिनार | १ को | ३४९.१८ | ३५०.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# बागमती सरकारमा कांग्रेस सहभागी

## दुई मन्त्रीले लिए शपथ

■ प्रभाव संवाददाता



**हेटौंडा–** बागमती प्रदेश सरकारमा नेपाली कांग्रेस सहभागी भएको छ । आइतबार कांग्रेसका दुई मन्त्रीले शपथ लिएसँगै कांग्रेसको सरकारमा प्रवेश भएको हो । नवनियुक्त मन्त्रीहरूले आइतबार साँझ प्रदेश प्रमुख यादवचन्द्र शर्मासमक्ष पद र गोपनीयताको शपथ लिएका थिए ।

मुख्यमन्त्री शालिकराम जमकट्टेलले कांग्रेसका तर्फबाट बहादुरसिंह लामालाई आर्थिक मामिला तथा योजनामन्त्री र तीर्थ लामालाई खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री नियुक्त गरेका थिए । उनले नेपालको संविधानको धारा १६८ को उपधारा ९ बमोजिम मन्त्रिपरिषद् विस्तार गरेका हुन् ।

बागमती प्रदेशमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राप्रपा र हाम्रो नेपाली पार्टीको संयुक्त गठबन्धनबाट जमकट्टेल पुस २५ गते मुख्यमन्त्री नियुक्त भएका थिए । उनले पुस २६ गते तीन सदस्यीय मन्त्रिपरिषद् पुनर्गठन गरेका थिए । जसमा आर्थिक मामिला तथा योजनामन्त्री नेकपा एमालेका जगन्नाथ थपलिया र ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री राप्रपाका उद्धव थापा नियुक्त भएका थिए ।

माघ ४ गते विश्वासको मत पाएसँगै मुख्यमन्त्री जमकट्टेलले एमाले र राप्रपाको गरी थप तीनजना मन्त्री नियुक्त गरेका थिए । फागुन १३ गते बागमती सरकारबाट राप्रपाले समर्थन फिर्ता लिएको थियो । सोही दिन राप्रपाका तर्फबाट मन्त्री बनेका तीनजनाले पदबाट राजीनामा दिएका थिए । मुख्यमन्त्री जमकट्टेलले चैत १० गते पुनः विश्वासको मत लिने क्रममा एमालेले विश्वासको मतको विपक्षमा मतदान गर्दै सरकारबाट बाहिरिएको थियो ।

नवनियुक्त मन्त्री बहादुरसिंह नुवाकोट-२ को प्रदेशसभा-ख र तीर्थ काभ्रे-१ को प्रदेशसभा-२ बाट प्रदेशसभा सदस्य निर्वाचित भएका थिए ।

## आमाकै थर...

पृष्ठ १ बाट जारी

भई आमासँग रहने छोराछोरीको जन्मदर्ता गर्दा बाबुको स्थायी ठेगानामा दर्ता नभएको यकीन गरी आमाको हालको स्थायी ठेगानामा जन्मदर्ता गरिदिने तथा कानुनबमोजिम कारागारमा सजाय भोगिरहेका महिलाबाट जन्म भएको बच्चाको जन्मदर्ता गर्दा कारागार कार्यालय प्रमुखबाट सूचना फाराम प्रमाणित भई आएमा सम्बन्धित व्यक्तिको स्थायी ठेगाना रहेको वडा कार्यालयमा बच्चाको जन्मदर्ता गरिदिने भनिएको छ ।

मुलुकी देवानी संहिता २०७४ लागू भएको मिति २०७५ साल भदौ १ पछि स्वतः बदर हुने, बदरयोग्य बालविवाह वा बहुविवाहको परिणामबाट जन्म भएको बच्चाको कानुनबमोजिमको प्रक्रिया पुऱ्याई जन्मदर्ता गरिदिन भनिएको छ ।

माथि उल्लिखितबाहेक अन्य प्रकृतिका जन्मदर्ताको सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली (संशोधनसहित) २०७७ र विभागबाट यसअघि जारी भएका परिपत्रअनुसार गर्न गराउन अनुरोध गरिएको छ ।

## बेथितिको...

पृष्ठ १ बाट जारी

मन्त्री पाउने पक्का गर्नूस्,' प्रसाईंले भनेका छन् ।

दुई करोड दिएपछि डा. तोसिमा कार्कीले लडाइँ त गर्दिनन् नि ? भनेर उनले प्रश्नसमेत गरेका छन् । त्यतिबेला रास्वपामा डा. कार्की पनि स्वास्थ्यमन्त्री बन्ने दौडमा थिइन् । तर, पछि रास्वपाले स्वास्थ्यमन्त्री पाएन । नेकपा एमालेले स्वास्थ्य मन्त्रालय पाउँदा रास्वपाकी डा. कार्की भने स्वास्थ्य राज्यमन्त्री बनिन् ।

अडियो गत माघ पहिलो साताको भएको पाइएको छ । त्यहाँ आफ्नै दलकी सांसद तथा पूर्वस्वास्थ्य राज्यमन्त्री डा. कार्की निष्प्रभावी हुने श्रेष्ठको भनाइ थियो । श्रेष्ठ ती नेता हुन्, जसविरुद्ध पोखराकै साथी नामक एक सहकारीको ८४ लाखभन्दा बढी रकम हिनामिना गरेको आरोप पनि लागेको छ । उक्त सहकारी अहिले बन्द छ ।

यसरी विवादित भएका रवि र ढाकाकुमार मात्रै होइनन्, अर्का सांसद डोलप्रसाद (डिपी) अर्याल पनि छन् । म्यानपावर व्यवसायसँग जोडिएका उनले विदेश पठाउने क्रममा ठगेको आरोपमा उजुरीको सामना यसअघि गरेका थिए । अर्का सांसद हरि ढकाल पनि म्यानपावर व्यवसायसँगै जोडिएका छन् । उनी पनि विवादित छविका नेता हुन् ।

जनताको आशा र भरोसाप्राप्त दलका सांसदहरू लगातार भिन्नभिन्न विवादमा फसेपछि रास्वपाप्रति प्रश्न उठ्न थालेको छ । सभापति लामिछानेकै तस्बिर सामाजिक सञ्जाल फेसबकुमा 'ट्रोल' भइसकेको छ । सुशासन कायम गर्ने र सबै क्षेत्रको बेथिति हटाउने कार्यका लागि कानुनी दृष्टिमा एक इञ्च दायाँबायाँ नहुने भन्ने लामिछाने र उनका दलका सांसदहरू व्यवहारमा त्यस्तो देखिएन ।

राजनीतिक विश्लेषक भीम भुर्तेलले रास्वपाले सत्ता स्वाद चाखेको र त्यसमा भुलेको ज्वलन्त उदाहरण श्रेष्ठ-प्रसाईं संवादलाई लिन सकिने बताए । उनका अनुसार हाल रास्वपा विचारविनाको मानिसहरूको चौताराजस्तै हो । यस्तो दल पाँच वर्षमा पाँच चोटी फुट्ने र भ्रष्टाचार, घूसखोरीदेखि विधिको शासनको विराधी बन्दै बेथितिको चंगुलमा डुब्ने बताउँछन् ।

'मैले अस्ति नै भनेको छु, रास्वपाले दलको आकारै लिएको छैन । विचार स्पष्ट छैन । कार्यक्रम छैन । झट्ट हेर्दा चौतारामा भेला भएका मान्छेजस्तो देखिन्छ,' उनले भने, 'र, अहिल्यै बेथितिमा रुमलियो । धेरै टिक्दैन यो दल ।'

यसअघि रास्वपा सभापति लामिछानेले गत निर्वाचनमा अवैध नागरिकताको प्रमाणपत्र पेस गरेर निर्वाचित भएको सर्वोच्च अदालतबाट १३ माघमा ठहर भयो । सोही कारण उनको सांसद पद खारेज भयो । जसले गर्दा राज्यलाई उपनिर्वाचनमार्फत अतिरिक्त आर्थिक भार थपिएको छ । यो दल स्थापना भएको भने एक वर्ष पनि पूरा भएको छैन ।

### सच्याइएको बारेमा

सूचना मिति : २०७९/१२/२१ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित श्री बण्डाली सामुदायिक वन उपभोक्ता समूह चौकुने गा.पा.-६ र ८ गुठु, सुर्खेतको काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको सूचनामा सामुदायिक वन बाट आ.व. २०७८/०७९ मा उत्पादन भई समूहको स्वीकृत कार्ययोजना अनुसार उत्पाद नभएर घाटगद्धीमा राखिएको हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।


## Nepalgunj Sub-Metropolitan City Office

**Nepalgunj, Banke**
**Lumbini Province, Nepal**

### Letter of Intent

**Date of Publication: 2079/12/27**

This is to notify that, it is our intention to award the contract for invitation of bid no. NSMC/NCB/OS-1/079/080, published on 2079/11/17 in " Aarthik Abhiyan " Newspaper, for execution of the following contracts as following bid price as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluted bids.

| Contract Identification No. | Name of Work | Name of Firm and Address | Bid Price NRs. (Excluding VAT and P.S) |
|---|---|---|---|
| NSMC/NCB/OS-1/079/080 | Main Road Sanitation Work (मुख्य सडक सरसफाई कार्य) . | New Bageshwori Sarsafai And Security Services Pvt. Ltd., Nepalgunj Sub-Metropolitan City -12, Banke | 75,09,715.00 |

**Chief Administrative Officer**

## Rainadevi Chhahara Rural Municipality
**Office of the Rural Municipal Executive**
**Chhahara, Palpa**

### Re-Invitation for Bids

**Third Date of publication: 10th April 2023(2079-12-27)**
**First Date of publication: 20th February 2023(2079-11-08), Second Date of publication: 23rd March 2023(2079-12-09)**

1. Rainadevi Chhahara Rural Municipality invites electronic bids from Nepalese eligible bidders for following bids under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and bank details at the office of Rainadevi Chhahara Rural Municipaity, Chhahara Palpa website *www.rainadevichhaharamun.gov.np* or may visit PPMO *website www.bolpatra.gov.np/egp*.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S.N | Contract ID | Work Description | Bid Submission Date | Bid Opening Date | Bid Validity and Bid Security Validity | Estimated Amount (excluding VAT, PS and Contingencies) | Bid Security Amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|---|---|
| 1. | RRM/PAL/NCB/W/09-079/80 | Construction of Bhatte Lift Water Supply Scheme | 04th Baishak 2079 12:00PM | 04th Baishak 2079 1:00PM | 90 & 120 days | Rs.41,52,617.01 | Rs.1,40,000.00 | Rs.3,000.00 |

**Chief Administrative Officer**

## सोलुदुधकुण्ड नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०७९/१२/२७**

यस कार्यालयबाट निम्न बमोजिमको कार्य गर्नका लागि मितिः २०७८/१०/१९ गते दोस्रो पटक प्रकाशित सूचनामा बोलपत्र आह्वान गरिएकोमा तोकिएको म्यादभित्र विद्युतीय सञ्चार माध्यम मार्फत प्राप्त भएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र सूचना नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम मू.अ.कर सहित |
|---|---|---|---|
| NCB/02/079/080/cons | नयाँबजार हाटबजार निर्माण | नमस्ते निर्माण सेवा, सोलुदुधकुण्ड नगरपालिका वडा नं.-४, सोलुखुम्बु | रू.८४,०६,३५१।२९ |
| NCB/03/079/080/cons | टाक्टोर-लामजुरा सडक स्तरोन्नती | श्री ज्वालामाई कन्स्ट्रक्सन, बुढानिलकण्ठ -१४, काठमाडौ | रू.९७,९५,५५७९२ |

### कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/१२/२७**

यस संस्थाबाट तपशिल उल्लेखित ऋणीले निजका नाममा मा.पो.का धितो राखी लिएको कर्जाको तिर्न बुझाउन पर्ने साँवा ब्याज आदि रकम नतिरी नबुझाई कर्जा सम्बन्धी सर्त बन्देजहरु उलंघन गरेको तथा संस्थाले पटक पटक लिखित एवं मौखिक रुपमा तरताकेता गर्दा पनि आलटाल गरि बुझाउनु पर्ने कर्जा भुक्तान गर्न नआएकोले नाम नामेशी विवरण सहित यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा उपस्थित भई आफुले लिएको कर्जाको साँवा ब्याज, हर्जना लगायतका सम्पूर्ण रकम यथाशीघ्र भुक्तान गरि आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न हुन अनुरोध गरिन्छ । अन्यथा सहकारी ऐन, नियम, संस्थाको विनियम र बचत तथा ऋण नीति अनुसार काम कारवाही हुने व्यहोरा यसै सूचना मार्फत जानकारी गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम | व्यक्तिगत जमानिकर्ता | धितोको विवरण |
|---|---|---|---|
| १. | रविलाल शर्माको नाती श्री रत्नाखर शर्माको छोरा नागरिकता अनुसार भेरी अंचल बाँके जिल्ला उदरापुर गा.वि.स./न.पा. वडा नं.०२ (लुम्बिनी प्रदेश, उदारापुर न.पा./गा.पा.०२) स्थायी घरभई हाल बागमती प्रदेश काठमाडौं जिल्ला कामनपा वडा नं.०७, चाबहिल बस्ने (ना.प्र.नं २१७३९/बाँके) रहेका केदार नाथ शर्मा | खड्का बहादुर शाहीको नाति श्री छत्र बहादुर शाहीको छोरा बाग्मती अन्चल दोलखा जिल्ला भिमेशोर गा.वि.स./नपा वडा नं.०७, घरभई हाल काठमाडौँ जिल्ला चन्द्रागिरी नपा वडा नं. ०२, बस्ने (ना.प्र.नं १४३७६ र दोलखा) रहेका कमल शाह | केदार नाथ शर्माको नाममा मा.पो.का.भक्तपुर मा दर्ता श्रेस्ता रहेको भक्तपुर जिल्ला मध्यपुर ठिमीन.पा. वार्ड न. १५ को कि.न.४७० क्षे.फ. २७५.२० वर्ग मिटर |

**लक्ष्मीधारा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालयः का.म.न.पा-१४, कुलेश्वर । फोनः ०१-५१६५२२१, ५१६५१८०**
**का.म.न.पा-७, चुच्चेपाटी, चावहिल । फोनः ०१-५२१०५०१, ५२१०५०२**

## Naraharinath Rural Municipality
**Office of the Rural Municipality Executive**
**Kumalgaun,Kalikot**
**Karnali,Province**

### LETTER OF INTENT (LOI)

**Date of Publication:2079/12/27**

This is to notify (as per Section 27(2) of Public Procurement Act 2063) to all Concerned bidders that, we are going to award following contract as per Published on prabhab National Daily dated on 2079/10/25 and prabhab National Daily dated 2079/11/17 ,to following bidders selected on substantially responsive lowest evaluated bid fulfilling thequalification criterion:

| Contract Id No. | Name of Project | Substantially responsive lowest evaluated bidder | Bid Amount including VAT (NRs) |
|---|---|---|---|
| NNRM/W/NSNRC/NCB/04/2079/080 | Nuwadevmandu to Sainekhola New Road Construction Work | उमेश निर्माण सेवा नरहरिनाथ ५ कालिकोट | 24,72,771.83 |
| NNRM/W/SNCRC/NCB/05/2079/080 | Sarga to Nilrupsa Khatirupsa Chuna New Road Construction Work | न्यु नितेश ट्रेडर्स खाँडाचक्र नगर पालिका १ कालिकोट | 19,01,778.76 |
| NNRM/KKT/SQ/GOODS/02/2079/080 | Medicine & Drugs Procrument of Basic Health &Sanitation Branch. upto Kumalgaun Rural Municipality office | ग्लोबल ड्रग्स सप्लायर्स धनगढी उपमहानगर पालिका २ कैलाली | 26,46,748.15 |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सिंहदरबार–बागदरबार 'टकराब'को सन्देश

**संघीय संरचनाअनुरूप तीन तहको सरकार । संघ सरकारको शासनसत्ता सिंहदरबारबाट सञ्चालन हुन्छ । सात प्रदेश सरकारको जिम्मेवारी आ–आफ्नै प्रदेश क्षेत्रभित्र छ । त्यस्तै ७५३ स्थानीय सरकारको जिम्मेवारी पनि सोहीअनुरूप संविधानले व्यवस्था गरेको छ ।**

**तीन तहको सरकारमध्ये जनताको आँगनको सरकार स्थानीय सरकार नै हो । काठमाडौं महानगरपालिका देशको राजधानी रहेको स्थानीय सरकार, जुन बागदरबार परिसरबाट सञ्चालित छ । यतिखेर चर्चा र बहसमा छ संघीय सरकार चलाउने सिंहदरबार र राजधानी सहरको स्थानीय सरकार चलाइरहेको बागदरबारबीचको द्वन्द्व । एक किमिसले भन्ने हो भने बागदरबारको अभिव्यक्तिले सिंहदरबारसँग 'वाकयुद्ध' जस्तै चल्न थालेको छ ।**

**बागदरबारबाट एउटा स्थानीय सरकार प्रमुखको हैसियतमा बालेन्द्र (बालेन) शाहले सिंहदरबारको फोहोर नफाल्ने चेतावनी दिइरहँदा सिंहदरबारले बञ्चरेडाँडा संघ सरकारको भएकाले त्यहाँ फोहोर फाल्न पाउँदैन भन्ने अभिव्यक्ति नआउला भन्न सकिँदैन । सिंहदरबार राजनीतिक दलबाट निर्वाचित जनप्रतिनिधिहरूले चलाइरहेका छन् भने बागदरबार स्वतन्त्ररूपमा निर्वाचित भएका जनप्रतिनिधिले । सिंहदरबार मौनरूपमा बागदरबारलाई नियालिरहँदा बागदरबार अभिव्यक्तिसहित सिंहदरबारलाई चेतावनी दिइरहेको देखिन्छ ।**

**बागदरबारको चेतावनी एक पटक होइन पटक–पटक भइरहेको छ । सायद बागदरबारले आफूलाई निकै नै शक्तिशाली महसुस गरिरहेको पनि हुन सक्छ । २०७२ सालको संविधानलाई स्वीकार गरेर आएको बागदरबारले बहुदलीय व्यवस्थालाई नै चुनौती दिन खोजिरहेको राजनीतिक दलहरूलाई लागिरहेको छ ।**

**हुन पनि २०४६ सालको आन्दोलनले निर्दलीय पञ्चायती व्यवस्थालाई निमिटचान्न पारेर बहुदलीय प्रजातन्त्र स्थापना गर्न सफल भएको थियो । करिब ३२ वर्षको अन्तरालमा त्यही बहुदलीय व्यवस्था स्वीकार गरेका र २०७९ सालमा निर्वाचित बागदरबारले संघीय संरचना अनुरूपको माथिल्लो सरकार संघीय सरकारलाई पटक–पटक चुनौती दिनु कतै अशोभनीय त भएन ?**

**तीन तहको सरकारबीच समन्वय गरी मुलुकको विकासमा जुन भूमिका खेल्नुपर्ने थियो, त्यो हुन सकिरहेको देखिँदैन । संघ सरकारले स्थानीय सरकारलाई कतिपय अवस्थामा गरेको हस्तक्षेपकारी भूमिकाले गर्दा अन्य स्थानीय तहले राजनीतिक आस्था वा विचारका कारण अभिव्यक्त गर्न नसके पनि बागदरबारले भने सिंहदरबारसँग सिंगौरी खेल्न छाडेको छैन ।**

**स्थानीय तहको निर्वाचनपश्चात् भएको संघीय निर्वाचनको सुरुआती दिनदेखि नै सिंहदरबार र बागदरबारबीचको दूरी फोहोर व्यवस्थापनकै राजनीतिबाट सुरु भएकाले होला, अहिले फेरि उही फोहोरमै वाकयुद्ध सुरु भएको संकेत देखिन्छ । सिंहदरबार र बागदरबारबीच वाकयुद्धभन्दा पनि सहकार्यको विकल्प छैन । संविधानले दिएको अधिकारका आधारमा महानगरलाई काम गर्न दिनु संघीय सरकारअन्तर्गतका निकायहरूको दायित्व हो । महानगरले पनि काम गर्न नदिएको भन्दै फोहोर नै नउठाउनेजस्तो गैरजिम्मेबार कार्य गर्नुभन्दा अन्य मार्गबाट दबाब दिन जरुरी छ । सिंहदरबार–बागदरबारबीचको टकराबले दिने सन्देश पक्कै राम्रो छैन । त्यसैले समयमै यसलाई टुंग्याउनेतर्फ अग्रसर हुन जरुरी छ ।**

# जनमुखी सरकार आजको आवश्यकता



▶▶ गणेश गिरी

> देशव्यापीरूपमा फैलिरहेको महँगी नियन्त्रणका लागि उपभोक्ताहरु पनि उत्तिकै सचेत हुनुपर्छ । महँगी नियन्त्रणसम्बन्धी एकाइहरु हरेक स्थानीय तहमा स्थापना गरी प्रभावकारी बनाउनु जरूरी छ । उपभोक्ताहरूले स्थानीय तहसमक्ष नै कालाबजारी तथा महँगीविरूद्ध उजुरी गर्नसक्ने व्यवस्था हुनुपर्छ । हरेक वस्तुको मूल्य स्थानीय सरकारले नै तोक्ने र स्थानीय सरकारले तोकेको मूल्यसूची हरेक पसल तथा व्यवसायीहरूले उपभोक्ताले थाहा पाउने र देख्नेगरी पसलको अघिल्लो भागमा राख्न लगाउने व्यवस्था हुनुपर्छ ।

अहिले मुलुक राजनीतिकरूपमा जसरी अगाडि बढ्नुपर्थ्यो, त्यो रूपमा अघि बढेको छैन । मुलुक दिशाहीन राजनीतिमा अघि बढेको देखिन्छ । सरकार निर्माणको चलखेलमाभन्दा जनताको समस्या समाधानमा केन्द्रित हुनुपर्ने हो । राष्ट्रिय राजनीति र परिवर्तनका द्योतक हौं भन्ने ठूला राजनीतिक दलहरू आपसमा मिलेर अघि बढ्ने हो भने देशले अग्रगामी दिशातर्फ गति लिने थियो । तर, उनीहरू आपसमा मिल्न नसकेका कारण त्यसको विकृत छायाँ समग्र राजनीतिमा परेको छ । राप्रपाले यस देशको राजनीतिलाई गहन ढंगले नियालिरहेको छ । देशलाई उपयुक्त निकास दिन ठूला राजनीतिक दलहरू नेपाली कांग्रेस र एमाले मिलेर सरकार निर्माण गर्छन् भने मुलुकलाई अग्रगामी दिशातर्फ लैजान र विकासतर्फ फड्को मार्न राप्रपा विपक्षी दलमा रहेर रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्न तयार रहनेछ । हामी प्रतिपक्षमै रहेर राजा, सर्वधर्म समभावसहितको हिन्दूराज्य र संघीयता खारेजीको मुद्दा जनमत संग्रहबाट निर्क्योल नभएसम्म उठाइरहने नै छौं ।

अवश्य केही समय लाग्ला तर देशभरि हिन्दूत्व र राजतन्त्रको पक्षमा जनलहर बढेको छ । समस्या के हो भने राजावादी संघ संगठनहरू एकआपसमा मिल्न नसक्दा र आ–आफ्नै बाजा बजाउँदा केही समस्या देखिएको छ । हाम्रो मान्यता सबै राजावादी संघ, संस्था, राजनीतिक दलहरू एक ठाउँमा उभिएर अघि बढ्नुपर्छ भन्ने हो । र, यस मुलुकको सरकारले राजा हिन्दूत्व र संघीयताको विषयमा यथाशीघ्र जनमत संग्रहको घोषणा गरोस् भन्ने हाम्रो चाहना हो ।

मिटरब्याजपीडितहरूको समस्या पहाडी र हिमाली क्षेत्रमा भन्दा तराई क्षेत्रमा व्यापक देखिएको छ । तमसुक तयार गर्नेहरूले समेतपछि मुद्दा मामला गर्नुपर्ला भनेर सम्भावित मुद्दा खर्चसमेत जोडेर सावा रकमभन्दा तीन गुणाभन्दा बढीसम्मको तमसुक बनाउने प्रचलन तराई क्षेत्रमा रहेछ । ब्याजको समस्या सहरी क्षेत्रमा छिटपुट भए पनि तराई क्षेत्रमा व्यापक देखिएको छ ।

सरकारले हालै मात्र मिटरब्याजपीडितहरूसँग समस्या समाधानका लागि कानुनसमेत संशोधन गरिने भनी सम्झौता गरेको छ । मिटरब्याजको मुद्दालाई फौजदारी दायित्वभित्र पार्ने र सरकारवादी भएर त्यस्तो मुद्दा चल्ने भनिएको छ, तर त्यतिले मात्र समस्या समाधान हुँदैन । सरकारले पीडितहरूको घरदैलोमै सरकारी अधिकारीहरू खटाएर सत्यतथ्य के हो, कति मान्छे पीडित छन्, व्यक्तिपिच्छेको समस्या के छन् भनी पहिल्याउनु जरुरी छ । घरजग्गा नै मिटरब्याजी साहूहरूले हडपेका छन् भने त्यस घरजग्गाहरू विनासर्त साहूबाट पूर्ववत्‌रूपमा पीडित ऋणीको नाममा कायम गरिदिनु भनी मालपोत तथा भूमिसुधार कार्यालयहरूलाई परिपत्र गरिनु जरुरी छ । ऋण लिने र दिनेलाई स्थानीय निकायसमक्ष उपस्थित गराई छलफल गराएर वास्तविक ऋण लेनदेन कति हो र त्यो साहूले कुन स्रोतबाट ऋण लगानी गरेको हो भन्ने यकीन गरेर मात्र ऋणको विषयको समस्या समाधान हुनसक्छ । तराईमा लिएकोभन्दा बढी रकमको तमसुक लेखिदिने लेखापढी व्यवसायीहरूलाई पनि कानुनको दायरामा ल्याउनुपर्ने देखिन्छ ।

बैंकिङ क्षेत्रमा अराजकताको प्रमुख स्रोत स्वयं नेपाल राष्ट्र बैंक हो । राष्ट्र बैंकले आफ्ना मातहतका बैंक तथा वित्तीय संस्थाहरूको सही ढंगले अनुगमन र नियमन गर्न सकिरहेको छैन । नेपाल राष्ट्र बैंकले साहूको पनि साहूको भूमिका निर्वाह गर्दै आएको छ । अर्थात् राष्ट्र बैंक उपभोक्ताहरूको पक्षमा नभई बैंकहरूको मात्रै संरक्षकको रूपमा देखिएको छ । विभिन्न विकसित मुलुकहरूमा आर्थिक क्षेत्र हेर्ने संसदीय समितिले ब्याजदरको विषयमा गहन अध्ययन गर्दै स्ल्याक सिजन र बिजी सिजन हेरेर ब्याजदर घटबढ गर्न निर्देशन दिने गरेको देखिन्छ । कहीँकहीँ ब्याजदर हेर्नका लागि अलग्गैरूपमा 'मनिटर पोलिसी कमिटी' पनि रहने गरेको देखिन्छ । विगतमा ९-१० प्रतिशतभन्दा बढी ब्याज लगाइने छैन भनी ऋणीहरूलाई आश्वस्त तुल्याएर लगानी भएका लामो अवधिका होमलोन, प्रोजेक्ट लोनजस्ता कर्जा शीर्षकमा बैंकहरूले आफूखुसी ब्याजदर बढाएर १६-१७ प्रतिशत पुऱ्याई ऋणीहरूमाथि अत्याचार गरेर असुल्न खोज्दा र ऋणीहरूको घरजग्गा, धितोहरू जथाभावी लिलामी गर्दासमेत राष्ट्र बैंकले कुनै हस्तक्षेप नगरी मुकदर्शक रहेर आधुनिक साहूहरूको रूपमा रहेका बैंक वित्तीय संस्थाहरूको मात्रै संरक्षण गरेको देखिन्छ ।

नेपालका ऋणीहरूमाथि बैंक तथा वित्तीय संस्थाहरूले विश्वकै सबैभन्दा उच्च ब्याजदर लगाई चरम शोषण गरिरहेका छन् । नेपालको बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनले पनि बैंकहरूको मात्रै एकपक्षीय संरक्षण गरिरहेको देखिन्छ । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनले पनि बैंकहरूको मात्रै एकपक्षीय संरक्षण गरिरहेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरूको कार्यले क्षति भोग्न बाध्य भएका ऋणीहरूलाई बैंकहरूले पुऱ्याएको त्यस्तो क्षतिपूर्ति दाबीका लागि अड्डा अदालतमा उजुरी लाग्ने कुनै व्यवस्था बैंकिङ ऐनले गरेको छैन ।

नेपालका बैंक तथा वित्तीय संस्थाहरू सोह्रौं शताब्दीका साहू महाजनजस्ता देखिएका छन् उनीहरू अन्तर्राष्ट्रिय बैंकिङ मापदण्डअनुसार सञ्चालन हुन सकेका छैनन् । विश्वमा बैंकहरूका कारण क्षति भोग्न बाध्य भएका उपभोक्ता तथा व्यवसायीहरूले त्यस्ता क्षति पुऱ्याउने बैंकविरुद्ध करोडौं डलर बैंकबाट क्षतिपूर्ति भराएका प्रशस्त उदाहरण छन् । त्यस्ता उदाहरण जापान, अमेरिका र बेलायतजस्ता मुलुकहरूमा पाउन सकिन्छ । त्यसैले हाम्रो नेपालमा बैंकहरूमा सुधार ल्याउने हो भने बैंकिङ कानुनमा नै सुधार गर्नुपर्ने देखिन्छ । यसका लागि स्वायत्त ऐनको रूपमा रहेको 'नेपाल राष्ट्र बैंक ऐन, २०५८' मा संशोधन गरी बेला बखतमा अर्थ मन्त्रालय र संसद्को अर्थ र सार्वजनिक लेखा समितिले हस्तक्षेप गर्न पाउने कानुनी व्यवस्था गरिनु जरुरी छ ।

देशव्यापीरूपमा फैलिरहेको महँगी नियन्त्रणका लागि उपभोक्ताहरू पनि उत्तिकै सचेत हुनुपर्छ । महँगी नियन्त्रणसम्बन्धी एकाइहरू हरेक स्थानीय तहमा स्थापना गरी प्रभावकारी बनाउनु जरुरी छ । उपभोक्ताहरूले स्थानीय तहसमक्ष नै कालाबजारी तथा महँगीविरुद्ध उजुरी गर्नसक्ने व्यवस्था हुनुपर्छ । हरेक वस्तुको मूल्य स्थानीय सरकारले नै तोक्ने र स्थानीय सरकारले तोकेको मूल्यसूची हरेक पसल तथा व्यवसायीहरूले उपभोक्ताले थाहा पाउने र देख्नेगरी पसलको अघिल्लो भागमा राख्न लगाउने व्यवस्था हुनुपर्छ । यति भए महँगी नियन्त्रणमा सघाउ पुग्नसक्छ ।

किसानहरूले मल, बीउ, बिजन समयमै पाउनुपर्छ, त्यो उनीहरूको अधिकारको कुरा हो । त्यसका लागि देशभर किसान आन्दोलन थाल्नु जरुरी छ । हरेक सरकार किसानका समस्याका विषयमा उदासीन रहँदै आएका छन्, हरेक जिल्लामा किसानहरूलाई समयमै मल, बीउ बिजन पुऱ्याउन संघ तथा प्रदेश कृषि मन्त्रालयअन्तर्गत अलग्गै प्रभावकारी निकाय बनाउन जरुरी छ । र, त्यस्ता निकायहरूमा स्थानीय सरकार र किसान अधिकारकर्मीहरूको पनि प्रतिनिधित्व गराउनु जरुरी छ ।

यदि सरकारले समयमै मल, बीउ बिजन उपलब्ध गराउन सक्दैन भने किसानले सरकारसँग क्षतिपूर्ति माग्न सक्ने कानुनी व्यवस्था हुनुपर्छ । किसानको समस्याप्रति बेवास्ता गर्ने सरकारी अधिकारीलाई कानुनतः दण्ड सजायको व्यवस्थासमेत गरिनु जरुरी छ । त्यसो भएमा किसानको समस्या समयमै समाधान हुने परिपाटी बस्नेछ ।

नयाँ वर्ष २०८० को उपलक्ष्यमा म देशमा राजनीतिक स्थायित्व आओस्, हामीले भोगिरहनुपरेका महँगी र वित्तीय संकटको समाधान होस्, सरकारले पनि आफू केन्द्रितभन्दा पनि जनता केन्द्रित भएर जनताका समस्याहरू समाधान गर्न सफल होस् । देशले विकासमा फड्को मारोस् र हामी नेपाली सबैले प्रगतिसहित शान्ति र अमन चैनको अनुमति गर्न पाइओस् भनी हार्दिक शुभेच्छा व्यक्त गर्दछु । जय राष्ट्रवाद ।

## मनन्योग्य

### विदुर नीति

धर्मराज पापाचारी र धर्माचारीउपर चित्रगुप्तको रेकर्डबमोजिम ठीक-बेठिक छुट्याएर दण्ड पुरस्कृत गर्ने ईश्वरीय अवतार हुन । उनले मरेर यमलोक पुगेपछि मात्र पाप र पुण्यको फल दिने होइनन्, उनी यसै लोकमा वर्तमान जन्ममा यहाँकै मनुष्यलाई नै निमित्त बनाएर कर्मफल दिने गर्दछन् । अर्थात् सत् कर्म र असत् कर्मको फल (परिणम) भोग्न मानसिको मृत्युलाई पर्खिरहनुपर्दैन । वर्तमान जीवनमा नै मानिसले यसै लोकमा उचिततानुचित कर्मको फल भोग्नैपर्दछ ।

परापुर्वकारमा माण्डव्य नाउँ गरेको कुनै तपस्वी ऋषी थिए । उनी ठूला धर्म र प्रभावशाली तपस्वी भइ मौनव्रत (नबोल्ने ग्रहण गरेको थिए । उनी आफ्नो हात उठाएर तपस्या गर्ने गर्दथे । कुनै दिन केही डाँकुले लुटेको धनसहित माण्डव्य ऋषिको आश्रम नगिच आइपुगे । पुलिसहरू डाँकुहरूको पिछा गर्दै थिए । पुलिसको आँखा छल्न आश्रमको एउटा कुनममा लुटेको सम्पत्ति गाडेर डाँकाहरू लुक्न गए । केहीछिनपछि पुलिसहरू त्यहाँ आएर ऋषिलाई डाँकाहरूको बारमो सोधे । मौनीबाका माण्डव्यले कुनै जवाफ दिएनन्, तपस्यातर्फ नै लागिरहे त्यसपछि पुलिसहरू आश्रमको आसपास तलासी गरी डाँकुहरूलाई फेला पार्न र लुकाएको सम्पत्ति बरामद गर्न सपपल भए । पुलिस हवल्दारले माण्डव्य ऋषिले कुनै जानकारी नदिएको देखेर यो केही नबोल्ने ढोंगी मान्छे नै डाक्कुहरूको सरदार हुनसक्छ भन्ने विचार गर्दै उनलाई पनि अरु डाँकाहरूका साथ पाता कसेर राजाहाँ लगे र सम्पत्तिसहित पेस गरे । क्रमशः

## पत्र–मञ्जुषा

# डुबानमा सोझा लगानीकर्ता

करिब ५५ लाख आमनागरिक सेयरबजारमा प्रत्यक्ष जोडिएका छन् । उनीहरूको खर्बौं रूपैयाँ सेयरमा लगानी छ । दुई दर्जन ठूला व्यापारी वा सेयर माफियाका कारण आज आम सर्वसाधारण डुब्ने अवस्थामा पुगेका छन् । सेयर दलालीहरूको पछि लाग्दा आज सेयरमा लगानी भएकाहरू 'मर्नु न बाँच्नु' को अवस्थामा पुगेका छन् । नेपालमा शिक्षितहरूको दर बढेको छ । तर, बैंकले १०० रूपैयाँमा निष्काशन गरेको सेयर दलालीमार्फत कित्ताकै ३२ सय रूपैयाँमा खरिद गरे ।

सञ्चारमाध्यमहरूले सेयरको मूल्य १०० रूपैयाँ मात्र हो भनेर पटक-पटक जानकारी गराएको थियो । यद्यपि, उनीहरू दलालीकै पछाडि दौडिए । जसकारण आज सेयरमा लगानी भएकाहरू नराम्ररी डुबेका छन् । सेयर दलालीहरूले आफ्नो लगानी बचाए, यता नाफा पनि कमाए । दलालीहरू 'सेफजोन' मा बसिसकेका छन् । महँगोमा सेयर किनेकाहरू भने यतिखेर 'घर न घाट'को अवस्थामा पुगेका छन् । सरकारले समयमै कडाइ नगर्दा यस्तो परिस्थिति बनेको हो ।

सेयरमा लगानी गर्न कडाइ गरेको भए आज मुलुकको अर्थतन्त्र डामाडोल हुँदैनथ्यो । कानुनबमोजिम चल्ने हो भने कुनै पनि सामानमा २० प्रतिशतभन्दा बढी नाफा लिन पाइँदैन । सोभन्दा बढी नाफा खानेलाई कारबाही हुन्छ । बैंकले १०० रूपैयाँमा निष्काशन गरेको सेयर १२० रूपैयाँमा बेच्नुपर्ने होइन र ? तर, कानुनलाई सेयर माफियाले धोती लगाइदिए । एक सय प्रतिकित्ताको सेयर ३२ सय रूपैयाँमा बेच्ने काम भयो । उपभोक्तावादी संघसंगठन खोलेर बसेकाहरू पनि यस विषयमा मौन बसे ।

ज्योति बानियाँ, प्रेम महर्जन, माधव तिम्सिना आफूहरू उपभोक्तावादी हौं भन्दै चिच्याएर हिँडिरहेका हुन्छन् । २० प्रतिशतभन्दा बढी नाफा व्यापारीले खान पाउँदैनन्, व्यापारीहरूले उपभोक्ता लुटे, ठगे भन्दै उनीहरू कराइरहेका हुन्छन् । तर, सेयरको विषयमा उनीहरू गुपचुप छन्, किन ? सेयर दलालीले सोझा जनतालाई झुक्याएर दिउँसै रात बनाउँदा पनि उनीहरू हात बाँधेर बस्नु ठीक हो ? बैंक तथा वित्तीय संस्था, जलविद्युत् कम्पनीहरूले एक कित्ता सेयर १०० रूपैयाँमा बेचेको भनेर प्रमाणपत्र नै दिन्छ ।

राज्यले कर लिने बेलामा पनि त्यही सय रूपैयाँको लिन्छ । तर, माफियाले ३२ सय रूपैयाँमा बेच्छन् । सेयर माफियाले आमनागरिक ठग्दा राज्य के हेरेर बस्यो ? ५५ लाख जनता त मर्नुपर्ने स्थितिमा पुगेका छन् । केही बाठाटाठाले सेयरबाट आम्दानी गरे तर सोझा जनता त डुबे । सरकारले बेलैमा नीतिनियम बनाउनुपर्थ्यो । यहाँ सरकारको कमीकमजोरी देखियो जसका कारण धेरै पीडामा परेका छन् । बैंकले कसैलाई पनि जबरजस्ती सेयर भिडाएको होइन ।

बैंकले १०० रूपैयाँ कित्तामा सेयर निकालेको हो । आँखा चिम्लेर ३२ सय रूपैयाँमा खरिद गर्नु हुँदैन भनेर लगानीकर्ताले पहिल्यै सोच्नुपर्थ्यो । मूल्य बढ्दै गएको भए आज लगानीकर्ताहरू मख्ख पर्थे । तर, मूल्य त निरन्तर ओरालो लाग्यो । अहिले आएर सरकारलाई दोष लगाएर के फाइदा ? सरकारले लगानी गर भनेर पहिले पनि भनेको थिएन, अहिले पनि भनेको छैन । फाइदा हुने देखेर आँखा चिम्लिएर लगानी गर्दाको नतिजा अहिले देखिन थालेको छ ।

सरकारले त हिजो पनि १०० रूपैयाँको कर पाइरहेको थियो, आज पनि त्यतिको नै पाउँछ । ३२ सय पुग्दा लगानीकर्ताहरूले सरकारसँग बाँडेका होइनन् । आफूलाई फाइदा हुञ्जेल कोही पनि मुखबाट चुइक्क आवाज निकाल्दैनन् । तर, जब घाटा हुन्छ अनि आरोप प्रत्यारोप सुरु हुन्छ । अहिले सरकारलाई दोषी बनाएर के गर्नु ? डुब्ने डुबिहाले । सरकारले जुनसुकै वस्तुको पनि मूल्य तोकेको हुन्छ । अब तोकेको जतिमा खरिद गर्ने कि बढीमा यो त जनताको कुरा भयो ।

लालपुर्जाको पछाडि सानो अक्षरमा लेखिएको हुन्छ, 'आवश्यक परेको खण्डमा यो जग्गा सरकारले लिनसक्छ ।' सरकारले उक्त जग्गा आफ्नो नाममा ल्याउँदा जग्गाधनीलाई सरकारी रेटमात्र दिन्छ । मालपोत कार्यालयको ढड्डामा जग्गाको मूल्य उल्लेख गरिएको छ । सरकारले एक लाख तोकेको जग्गा करोड हालेर कसैले खरिद गर्छ भने त्यसमा सरकारको के दोष ? एक लाखको जग्गालाई करोड हाल्ने त उनीहरूको आफ्नो खुसको कुरा हो । सरकारले हाल भनेको होइन ।

यहाँ भन्न खोजिएको कुरा सरकारलाई गाली गर्नुअघि आफू सक्षम हुनुपऱ्यो । ऐनकानुनअनुसार हिँड्नेले कहीँ पनि दुःख पाँउदैनन् । पढेलेखेको भनिएको छ तर दलालीकै पछाडि लागेका छन् । सरकारको निर्णय शिक्षितबाटै बेवास्ता गर्ने काम भएको छ । नपढेका त विश्वासमा पर्छन् । जसले गर्दा सेयर र घरजग्गा लगानीकर्ताहरू डुबेका छन् ।

*– निरञ्जन थापा, टोखा*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# तराईमा इदको चहलपहल बढ्यो

■ गोपालप्रसाद बराल

**महोत्तरी–** इस्लाम धर्मावलम्बीको पवित्र रमजान रोजासँगै यहाँका बस्तीमा इदको चहलपहल बढेको छ । रमजानभरि एकमहिने रोजा (व्रत) गरिरहेका इस्लाम धर्मावलम्बी बसोबास बाहुल्यताका बस्तीमा अहिलेदेखि नै इदको चहलपहल बढेको हो । ऊर्दू पात्रो (हिजरी सम्वत्) अनुसार रमजान महिना सकिनासाथ सुरु हुने सब्वाल महिनाको एक तारिखका दिन इद मनाउने इस्लाम परम्परा छ । अहिले रमजान सुरु भएको दुई साता बितेको छ ।

'रमजान र इद जोडिएकै कुरा हुन्, रमजानको रोजा (व्रत) सकिएको भोलिपल्ट इद (इद-उल-फित्र) मनाइने त हो,' बर्दिबास-१ का इस्माइल चुरौटे भन्छन्, 'त्यसैले हाम्रो घरपरिवारमा इदको सोधखोज र तयारी सुरु भएको छ ।' इद इस्लाम परम्पराको मुख्य पर्व भएको हुँदा यसको तयारी केही साता पहिले नै सुरु हुने मुसलमान (इस्लाम धर्मावलम्बी) बताउँछन् । बोलीचालीमा 'इद' भनिने इद-उल-फित्र इस्लाम परम्पराको मुख्य पर्व हो ।

मुस्लिम गृहिणी रमजान रोजा (व्रत)कै बीच अहिले गहुँको पिठो मुछेर घरघरैजसो 'सेवइ' (मुछिएको पिठो सानो फलामेयन्त्रमा पेलेर सिन्काजस्तो बनाएर निकालिने खाद्यवस्तु) बनाउन व्यस्त छन् । दूधमा पकाइएको सेवइ इद पर्वको खास परिकार मानिन्छ । यसरी पेलेर बनाइएको सेवइ केही दिन सुकाइएपछि दूधमा पकाउन मिल्छ। इद मुसलमानका लागि 'जकात' (कमाइको साढे दुई प्रतिशत नगद वा जिन्सी गरिब दुःखीलाई बाँड्न छुट्याइएको रकम) को बेला पनि हो ।

रमजानको रोजा गरिरहेकै बेला मुसलमान 'जकात'का लागि रकम छुट्याउन थाल्छन् । इद परिवारका सबै सदस्य, नाता कुटुम्ब र गरिब दुःखीका लागि नयाँ लुगा फेर्ने फेराउने अवसर पनि भएको हुँदा आम मुसलमान पहिलेदेखि नै यसको तयारीमा लाग्छन् । 'अब दुई साता त बाँकी छ रमजान, रमजान सकिएको भोलिपल्ट नै इद मनाउने हो,' तन्मयसाथ सेवइ बनाइरहेकी बलवा-९ अधियानपुरकी सकिला खातुन भन्छन्, 'त्यसैले घरघरैजसो इदको तयारी गरिँदै छ ।'

रमजानभित्रै अहिले मुस्लिम (मुसलमान, इस्लाम धर्मावलम्बी) बसोबास बाहुल्यताका बस्तीमा इदको चर्चा छ । बाहिर रहेका परिवारजन इदका अवसरमा बिदा मिलाएर घर आउने परिवारजनको पर्खाइ छ । 'अरु त घरै छौं, सनिउल्लाह (छोरा) विदेश छ, तर यसपालि ऊ बिदा मिलाएर घर आउने कुरा छ,' सउदीअरेबिया रहेका छोरा परिवारजनसँगै इद मनाउन आउने कुराले प्रफुल्ल देखिने भंगाहा-४ रामनगरका ७५ वर्षीय इस्लाम कवारी भन्छन्, 'अल्लाह (ईश्वर, भगवान्) को मर्जी (कृपा) रहे यसपालि परिवारका सबै सदस्य इदमा सँगै हुनेछौं ।'

आफ्नो परिवारमा तीन वर्षपछि यस्तो सुखद अवसर मिल्न लागेको इस्लाम बताउँछन् । इद यसपालि आउने वैशाखको दोस्रो साताको सुरु (वैशाख ९ वा १०) मै पर्दै छ । चन्द्र दर्शनसँग इद जोडिने हुँदा एक दिन तलमाथि पर्नसक्ने इस्लाम धर्मावलम्बी बताउँछन् । जिल्लामा सम्सी, लोहारपट्टी, जलेश्वर, बलवा, मटिहानी, भंगाहा, रामगोपालपुर र बर्दिबाससहितका स्थानीय तहका अधिकांश बस्तीमा सघन मुस्लिम बसोबास छ । यी स्थानीय तहका मुस्लिम बाहुल्य बस्तीमा अहिले इद केन्द्रित तयारी र चर्चा सुनिन्छ ।

बर्दिबासका अधिकांश मुसलमान नेपाली भाषी र अन्य ठाउँका मैथिली तथा ऊर्दूभाषी भए पनि इद पर्वको परम्परा भने समान छ। 'वरपर रहेका हामी सबैसँगै मस्जिद (प्रार्थनाघर)मा नमाज पढ्छौं, सँगै पर्वको खुसी मनाउँछौं,' बर्दिबास-१४ का नेपाली भाषी साविर चुरौटे भन्छन्, 'अल्लाहले सबैलाई हेरी रहनुहुन्छ, कसैसँग वैरभाव राख्न हुँदैन ।' मुसलमान मात्र नभएर संसारभरिका सबै मानवजाति र प्राणीप्रति करुणा राख्नुपर्ने रमजान (पवित्र महिना) र इदको मूल सन्देश रहेको साविर बताउँछन् ।

रमजान मानवीय करुणा उजागर गराउन, परोपकारमा उद्दत गराउन र सद्आचरणमा रहन प्रेरित गराउने पवित्र महिना मानिन्छ । यसै महिनामा पृथ्वीमा पवित्र ग्रन्थ कुरान अवतरित भएको मुसलमान मान्दछन् । त्यसैले आम मुसलमान एक महिनाभर सद्आचरणमा रही रोजा गर्छन् । 'सूद' (ब्याज) लिनु/खानुलाई इस्लाम परम्पराले 'हराम' (महापाप) मान्दछ । दानको प्रचार पनि इस्लाममा वर्जित छ । 'कुनै दिनदुःखी वा अन्य कसैलाई गरिने सहयोग दिने/लिनेबाहेक अरु कसैले थाहा पाउनु हुँदैन,' भंगाहा-४ का ८५ वर्षीय हाजी (मक्का मदिना गएर खास धार्मिक अनुष्ठान पूरा गरेका मुसलमानको उपाधि) विहारी अन्सारी भन्छन्, 'रमजान कुरान पढ्ने, सुन्ने र जीवनमा त्यसलाई ढाल्न अभ्यास गर्ने खास अवसर हो ।'

रमजानभर सद्आचरणमा रहने अरुबेला जेगरे पनि हुने भन्ने नभई बर्सेनि एक महिना आफूलाई सत्कर्म र सद्आचरणमा रहिरहन अभ्यास गराउने, सम्झाउने र सचेत गराउने अवसर रहेको पाका मुसलमान बताउँछन् । 'इद' यिनै गुणयुक्त मानव भएको खुसी व्यक्त गर्ने पर्व हो । इदमा लगाइने नयाँ लुगा प्रायःसेतो प्रयोग गरिन्छ । त्यसलाई जीवनसँग गाँसेर कहिल्यै दाग नलागोस् भन्ने हेक्का गरिनुपर्ने बलवा-१० धमौराका ८० वर्षीय हासिम कवारीको भनाइ छ । *रासस*


## मलेशीयामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SBH PERAK AGRO AQUACULTURE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०७९/१०/१७ पूर्व स्वीकृति मिति : २०७९/१२/२६ LT. No. 280304 चलानी नं. ६०१९५५७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aquaculture Workers | 13 | 0 | 1500 | ४४२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ४ गते (17th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046



## यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FORTUNE ATRIUM HOTEL L.L.C

पूर्व स्वीकृति मिति :२०७८/०९/२९ पुन विज्ञापन स्वीकृति मिति :२०७९/१२/२६ LT. No.255871 चलानी नं.६०१७२९६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Archieve Clerk. | 0 | 3 | 1600 | ५७,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 5 | 1500 | ५४,०३० | | | | | | | |
| 3 | Cleaner | 20 | 38 | 1200 | ४३,२२५ | | | | | | | |
| 4 | Cook General | 10 | 0 | 1700 | ६१,२३५ | | | | | | | |
| 5 | Housekeeping | 0 | 45 | 1200 | ४३,२२५ | | | | | | | |
| 6 | Receptionist | 0 | 1 | 1600 | ५७,६३० | | | | | | | |
| 7 | Telephone Operator | 0 | 5 | 1600 | ५७,६३० | | | | | | | |
| 8 | Waiters | 20 | 0 | 1400 | ५०,४२५ | | | | | | | |
| 9 | Waitress | 0 | 27 | 1400 | ५०,४२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Shahi Global Careers Pvt. Ltd.**

Satdobato Chowk-15, Lalitpur, Nepal, Phone No : 01-15151025

E-mail: Shahigcareers@gmail.com,www.shahicareers.com

श्रम ईजाजत नं. १२९८/७४/७५



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTEGRATED EQUIPMENT COMPANY

पूर्व स्वीकृति मिति : २०७९/१२/२३ LT No.284290 चलानी नं. ६०१९९७५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver ( Heavy Vehicle) | 5 | 0 | 2200 | ७८,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ४ देखि ७ गते (17-20th Apr. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**

श्रम ईजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUDI DELTA COMPANY FOR POWER PROJECT LTD.

पूर्व स्वीकृति मिति : २०७९/१२/२४ LT. No. 284323 चलानी नं. ६०१९९७६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1500 | ५१,९४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 15 | 0 | 1000 | ३४,६३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ४ गते (17th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068

Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ACE GASES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/२५ LT. No. 284321 चलानी नं. ६०१९९७४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | 1500 | ४४,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ४ गते (17th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Richhood Overseas Inc. Pvt. Ltd.** Govt. License 539/061/062

Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,

Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL TILAD AL ARABIYA EST

पूर्व स्वीकृति मिति २०७९/१२/१७ LT. No. 283759 चलानी नं. ६०१९१८१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 2 | 0 | 1500 | ५१,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ४ गते (17th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Landmark Manpower Solution Pvt. Ltd.**

श्रम ईजाजत नं. ७६२/०६४/०६५

P. O. Box: 26407, Basundhara Chowk Near by Bangladesh Embassy, Kathmandu, Nepal.

Phone No.: 01-4970092, 014970093 & +9779803580841

Email: applicant.landmark@gmail.com, Website: www.lmmanpower.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AS YOU LIKE CAFETERIA

पूर्व स्वीकृति मिति: २०७८/०४/१३ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२६ LT. No. 243081 चलानी नं. ६०१६१५०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 1400 | ४९,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ४ गते (17th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**IMPERIAL OVERSEAS PVT. LTD.** Govt. Lic. No. 816/065/066

Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-014585530, Fax : +977-1-4485522,

Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np



## फ्रि भिषा !! फ्रि टिकट !!
## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PENANG AUTOMATION CLUSTER SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/२६ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/२६ LT. No. 269289 चलानी नं. ६०१८५१९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 80 | 0 | 1500 | ४४,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ४ गते (17th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd** श्रम ईजाजत नं. १४०४/०७४/०७५

Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745

E-mail: rainternational81@gmail.com,Website www.rainternational.net


## तादी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
खरानीटार, नुवाकोट

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०७९।१२।२७)

यस कार्यालयवाट मिति २०७९/१०/१३ गते प्रभाव दैनिक राष्ट्रिय दैनिक पत्रिकामा Jungepani Khanepani Tadi 6 सम्बन्धी ठेक्का Contract ID नं TRM/W/WS/2079/80-06 को प्रकाशित सूचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित अंक सारभूत रूपमा प्रभावग्राही भएको पाइएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं | कामको विवरण | स्वीकृतीको लागि छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रु (भ्याट सहित) |
|---|---|---|---|---|
| 1 | TRM/W/WS/2079/80-06 | Jungepani Khanepani Tadi 6 | Skill Field Constructions & Constultancy Pvt. Ltd.,Tadi -4 Tame (स्कील फिल्ड कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.,तादी ४,तामे) | ४३,६५,९४७.४६ |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक

रूपशाला

## वैशाख १५ मा 'कैदीको पत्र'

फिल्म 'कैदीको पत्र' अगामी १५ वैशाखबाट सार्वजनिक प्रदर्शनमा आउने भएको छ। जीवनमा पाएको खुशीलाई सम्हाल्न नसक्दा मानिसले व्यहोर्नुपर्ने उतार–चढाव को अलवा प्रेम र रोमान्सको कथामा बनेको यो फिल्म सनम कुमार बैरागले निर्देशन गरेका हुन्। स्कटल्याण्डमा छायांकन भएको फिल्ममा कुनाल विश्व, म्याडिशन लाजारस, सलिना थापामगर, पृथ्वीराज खत्री, सुवर्ण थापा, मनिष श्रेष्ठ लगायतको अभिनय छ। दिल घले, नानी बैराग, कैलाश विश्वकर्मा र हिराल जोशी निर्माता रहेको रामेश्वर कार्कीले छायांकन र अर्जुन जिसीको सम्पादन छ। फिल्मको पहिलो गीत 'मेरो दिलको तालमा' केही समयअघि सार्वजनिक गरिएको थियो। जसमा गायक प्रताप दास तथा गायिका सुबानी मोक्तानको स्वर रहेको छ।



सोमबार, २७ चैत २०७९ (Monday, April 10, 2023)

# एन प्लस प्रोफेसनल लक्की फिल्मी अवार्डको टिसर्ट सार्वजनिक

**चितवन (प्रस)–** एन प्लस प्रोफेसनल लक्की फिल्मी अवार्ड २०८० को तयारी तीव्र पारिएको छ। लक्की मिडिया हाउस चितवनले असारमा चितवनमा गर्न लागेको अवार्ड वितरण कार्यक्रमको प्रचार प्रसारलाई तीव्र बनाएको हो।

नायिका पूजा शर्माले लक्की फिल्मी अवार्डको टिसर्ट सार्वजनिक गरेकी हुन्। चलचित्र उद्योगको प्रर्वद्धन, प्रोत्साहन, कलाकारलाई हौसला र सम्मान गर्न अवार्ड गर्न लागेको हो।

लक्की मिडिया हाउसले प्रचार सामाग्री सार्वजनिक गर्ने अभियाननै चलाएको छ। लक्की मिडिया हाउसका महाप्रबन्धक हरि कार्की "लक्की"ले टिसर्ट मोफसल टूर कार्यक्रममा प्रयोग हुने बताए। मोफसल टूर देशका मुख्य शहरमा पुग्नेछ। पहिलो टूर बाग्लुङ हुने जनाइएको छ। नेपालका मुख्य शहरमा फिल्मी अवार्डबारे जानकारी गराउने अभियान छिटै चल्ने बताए।

टिसर्ट सार्वजनिक कार्यक्रममा चितवनका युवा उद्यमी तथा वरिष्ठ समाजसेवी विजय बहादुर घले,




वरिष्ठ दन्त चिकित्सक डा. विष्णुप्रसाद सुवेदी, चलचित्र पत्रकार संघ नेपालका उपाध्यक्ष विजय सुवेदी आवाज, युवा उधमी सुरज तिवारी, अवार्ड कार्यक्रम संयोजक राजेश शर्मा आचार्य लगायतको सहभागिता रहेको थियो।

टिसर्ट सौजन्य भरतपुर, मालपोतचोक र गैंडाकोटमा रहेको स्माईल डेण्टल एण्ड ओरल हेल्थ केयर सेन्टर प्रालिले गरेको थियो। विभिन्न ३० विधामा सिने क्षेत्रका उत्कृष्ट कलाकारलाई अवार्ड वितरण गरिने जनाइएको छ।

# गण्डकी प्रदेशका जिल्लामा घुम्ती सिनेमा कार्यक्रम

**काठमाडौँ (प्रस)–** चलचित्र विकास बोर्डले दोस्रो चरणमा गण्डकी प्रदेशका जिल्लाहरू गोरखा, लमजुङ, कास्की, पर्वत र बागलुङमा घुम्ती सिनेमा तथा सिनेमा साक्षरता अभियान कार्यक्रम सञ्चालन गरेको छ। ती जिल्लाहरूका एक साताको घुम्ती सिनेमा कार्यक्रम गरेको चलचित्र विकाश बोर्डले जनाएको छ।



कार्यक्रममा चलचित्र भवनहरू नभएका क्षेत्रमा विद्यालयको भवन, सामुदायिक भवन, क्लब एवं खुल्ला स्थानहरूमा चलचित्र प्रदर्शन गरिएको थियो। कार्यक्रममा स्थानीय विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावकको अलवा समाजसेवी, जनप्रतिनिधिहरू, व्यवसायी, राष्ट्रसेवक कर्मचारीहरू लगायतको कार्यक्रममा उपस्थिति रहेको थियो।

सम्बन्धित गाउँपालिका र नगरपालिकाका प्रमुखहरू समेत सहभागी कार्यक्रमको चलचित्र विकास बोर्डका अधिकृत हरिसिंह रैखोलाका संयोजन रहेको थियो।

कार्यक्रममा नेपाली कथानक चलचित्रहरू ऐना झ्यालको पुतली, आमा, पचे गोरे (गुरुङ भाषा), गोपी, अग्नि दहन र वृत्तचित्र ग्रेटर नेपाल प्रदर्शन गरिएको थियो। सिनेमा घरको पहुँच भन्दा टाढा रहेका सहर, बस्ती र समुदायमा पुगी नेपाली राष्ट्रिय भाषा र स्थानीय भाषामा निर्माण भएका चलचित्रहरूको प्रदर्शन गरी नेपाली सिनेमा हेर्ने संस्कृतिको विकास गर्न घुम्ती सिनेमा तथा सिनेमा साक्षरता अभियान चलाएको विकास बोर्डले जनाएको छ।

# दर्जनौं कलाकारलाई सम्मान

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोयल मुभिज प्रालिको प्रस्तुती 'चौंथो ज्योती फिल्मस् म्युजिक अवार्ड २०७९' शुक्रबार नाचघरको सभाहलमा सम्पन्न भएको छ। महिला नौमती बाजा बजाएर उद्घाटन गरिएको कार्यक्रमको प्रमुख अतिथि बागमती प्रदेश सभामुख भुवन पाठक, अध्यक्ष निरेन श्रेष्ठ (रोयल मुभिज प्रा.ली.) सभापति भाईराम श्रेष्ठ रहेका थिए।

कार्यक्रममा गीतसंगीतसँग सम्बन्धीत बिभिन्न विधाका कलाकारलाई सम्मान गरिएको थियो। सम्मानित हुनेहरूमा सर्बोत्कृष्ट लोकगीत नृत्य निर्देशक शम्भु शाही, सर्बोत्कृष्ट राष्ट्रियभाव गीत सिन्धु पौडेल, सर्बोत्कृष्ट बालगायिका उपमा थपलिया, सर्बोत्कृष्ट भिडियो छायाँकार अनिल कट्वाल रहेका छन्।

यस्तै, कार्यक्रममा मुरलीधरलई दीर्घ साधना सम्मान, धुव्रराज खड्का, गौरी मल्ल, नवराज घोरासैनी, आनन्द कार्की, उत्तम केसी, सुनिल मास्केलई बिशेष सम्मान गरिएको थियो। नेपाली चलचित्र प्रेमगीत परिवारबाट सन्तोष सेन, प्रदिप खड्का, कृष्टिना गुरुङ्गलाई पनि सम्मान गरिएको थियो।

निर्णायक मण्डलमा यशकुमार, मञ्जिता केसी, हुम गैरे, जयलक्ष्मी छन्त्याल पुन, ओम सुनार, रामकुमार केसी, ज्ञानेन्द्र शाह रहेका थिए। कार्यक्रममा अमन श्रेष्ठ, अनिता लामा, दुर्गेश थापा, अश्विनीकान्त झा, बिजय कायस्थ, बिजेन्द्र नौबागे, धिरज खत्रीलगायत दर्जनौं कलाकारलाई सम्मानित गरिएको थियो।




## रंगशाला

# सन्दीपको मुद्दामा डाक्टर र आलमको बकपत्र गराउन आदेश



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय टिमका पूर्व कप्तान तथा लेग स्पिनर सन्दीप लामिछानेको मुद्दामा जिल्ला अदालत काठमाडौंले किशोरीको मेडिकल गर्ने डाक्टर र क्रिकेटर साहब आलमको बकपत्र गराउन आदेश दिएको छ।

जिल्ला अदालत काठमाडौंका न्यायाधीश शंकरराज बरालको इजलासले आइतबार किशोरीको मेडिकल गर्ने डाक्टर र क्रिकेटर आलमको बकपत्र गराउन आदेश दिएको हो।

जिल्ला अदालत काठमाडौंले बलात्कारको आरोप लागेका सन्दीपविरुद्धको सुनुवाईका लागि आइतबार पेशी तोकेको थियो। यस अघि गत बुधबार पेशी तोकिएपनि मुद्दाको सुनुवाई 'हेर्न नभ्याईएको' सूचीमा राखिएको थियो।

त्यसअघि पुस १९ मा सन्दीपलाई थुनामै पठाउने न्यायाधीशकोमा पेशी परेपछि सन्दीपका वकिलले सुनुवाइ सार्न निवेदन दिएका थिए।

सर्वोच्च अदालतले मुद्दाको फैसला चाँडो गर्न जिल्ला अदालतलाई आदेश दिएपनि पनि पेशी स्थगित हुँदै आईरहेको छ। एक नाबालिकालाई बलात्कार गरेको अभियोगमा जिल्ला अदालत काठमाडौंले उनलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो।

जिल्ला अदालतको आदेशविरुद्ध सन्दीपले उच्च अदालत पाटनमा पुनरावेदन गरेका थिए।

गत पुस २८ गते उच्च अदालत पाटनले सन्दीपलाई २० लाख धरौटीमा छाड्न आदेश दिएको थियो। सन्दीप पुस २९ गते धरौटी बुझाएर थुनामुक्त भएका थिए।

थुनामुक्त भएका सन्दीपले राष्ट्रिय टिमको प्रतिनिधित्व गर्दै अन्तराष्ट्रिय खेलहरू खेलिसकेका छन्। सन्दीपविरुद्ध गत भदौ २१ गते प्रहरी बृत्त गौशालामा एक बालिकालाई बलात्कार गरेको भन्दै उजुरी परेको थियो।

भदौ २३ गते काठमाडौं जिल्ला अदालतले सन्दीपविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो। सन्दीप गत असोज २० गते त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट पक्राउ परेका थिए।

गौरीगंगा गोल्डकप

# नवलपरासीको फोर ब्रदर्स अन्तिम चारमा

■ प्रभाव संवाददाता

**कैलाली–** नवलपरासीको फोर ब्रदर्स फुटबल क्लबले गौरीगंगा गोल्डकपको अन्तिम चारमा स्थान सुरक्षित गरेको छ। आइतबार बाजुराको रानीवन फुटबल क्लबलाई ४-० गोल अन्तरले पराजित गरी फोर ब्रदर्स एफसी सेमिफाइनल पुग्ने चौथो टोली बनेको हो।

'जगशक्ति गोल्ड टिएमटी तेस्रो सुदूरपश्चिम गौरीगङ्गा गोल्ड कप' मा कैलालीको स्टार सिटी युवा क्लब, बर्दियाको नव युवा मैत्री भाव एकता समाज क्लब र बाँकेको रेसिङ सहारा क्लब यस अघि नै सेमिफाइनल पुगिसेका छन्।




आइतबारको खेलमा फोर ब्रदर्सका कप्तान विनोद केवटले २ गोल गरे। खेलको ४२ औं मिनेटमा उनको गोल मार्फत फोर ब्रदर्सले अग्रता बनाउँदा पहिलो हाफको खेल १-० मा सकियो। ८४ औं मिनेटमा केवटकै गोल मार्फत फोर ब्रदर्सले अग्रता दोब्बर बनायो। त्यसको ३ मिनेट पछि खेलको ८७ औं मिनेटमा रानीवनका अभिषेक यादव आत्मघाती गोल गर्न पुगे। निर्धारित ९० मिनेटमा ३-० ले अघि रहेको फोर ब्रदर्सका लागि सुमित मल्ले थपिएको समयमा १ गोल गरेपछि उसले प्रतियोगितामा सहज जित निकालेर अन्तिम चारमा स्थान पक्का गरेको हो।

अब फाइनल प्रवेशका लागि फोर ब्रदर्सले बर्दियाको नव युवा मैत्री भाव एकता समाज क्लबको सामना गर्ने छ। त्यस अघि पहिलो सेमिफाइनलमा सोमबार कैलालीको स्टार सिटी र कोहलपुर रेसिङ सहारा क्लब बाँकेको प्रतिस्पर्धा हुने छ।

'खेलौं फुटबल रमेर, खेलकुदको सन्देश, शान्ति स्थायित्व र एकताबद्ध देश' भन्ने नाराका साथ गौरीगङ्गा-११ स्पोर्टस् क्लबले आयोजना गरेको प्रतियोगिता चैत ३० गते समापन हुने छ। १० टोलीले सहभागिता जनाएको प्रतियोगिताको विजेतालाई ट्रफी सहित नगद ४ लाख र उपविजेता लाई ट्रफी सहित नगद २ लाख पुरस्कार प्रदान गरिने छ भने सर्वोत्कृष्ट खेलाडीलाई नगद ५० हजार प्रदान गरिने आयोजकले जानकारी दिएको छ। साथै सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षक लगायत विभिन्न विद्याका उत्कृष्ट खेलाडीलाई विधागत रूपमा ट्रफी सहित नगद १० हजार पुरस्कार दिइने छ।

# टेबलटेनिस टोली कोरिया प्रस्थान गर्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** दोश्रो एसपीसीए टेबलटेनिस च्याम्पियनसिपमा सहभागी हुन ९ खेलाडीसहित १० सदस्यीय नेपाली टोली सोमबार दक्षिण कोरियाको सिओल प्रस्थान गर्दै छ। जुनियर खेलाडीमा योङगी पौडेल, एस्टर चौधरी र आशिष महता रहेका छन्। भेट्रान खेलाडीमा पूर्णशंकर श्रेष्ठ, सुमन खड्गी, अरोजकुमार खड्गी, सुरेन्द्र शाही र संघरत्न डंगोल रहेका छन्। प्रशिक्षकमा आईटीटीएफ लेभल २ सर्टिफाइड टेबलटेनिस प्रशिक्षक



ज्याकी महर्जन छन्।

प्रतियोगिता अप्रिल १० देखि १८ तारिखमा हुनेछ। टेबलटेनिसमा ओलम्पिककी स्वर्ण विजेता दक्षिण कोरियाकी याङ योङ जाको निमन्त्रणामा दक्षिण कोरिया जाने लागेको प्रशिक्षक महर्जनले जानकारी गराए। प्रतियोगितापछि जुनियर खेलाडीले दक्षिण कोरियामै ३ महिने प्रशिक्षणमा सहभागी हुने छन्।

टोलीलाई सफलताको शुभकामना दिदै ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जनले आइतबार एक कार्यक्रमबीच बिदाइ गरे।

# श्रीलंकाका 'इस्टर सन्डे' पीडितलाई न्याय दिइने

**कोलम्बो–** श्रीलंकाका राष्ट्रपति रनिल विक्रमासिंघेले आइतबार सन् २०१९ मा भएको इस्टर सन्डेका सबै पीडितलाई न्याय दिने आश्वासन दिएका छन् । उनले त्यसका निम्ति सबै कानुनी प्रक्रिया अघि बढिरहेको बताएका छन् । कोलम्बो गजेटका अनुसार घटनाको स्वतन्त्र र निष्पक्षरूपमा घटनाको छानबिन गरिनेछ ।

आफ्नो इस्टर आइतबार सन्देशमा राष्ट्रपति विक्रमासिंघेले आक्रमणबाट भएको पीडाबारे आफू सचेत रहेको बताउँदै उक्त दुःखद् घटनाको अनुसन्धान स्वतन्त्र र निष्पक्षरूपमा अघि बढिरहेको बताएका छन् ।

श्रीलंकाका राष्ट्रपतिले यस्ता जघन्य कार्यको पुनरवृत्तिलाई रोक्ने गरी देशको सुरक्षा सुनिश्चित गर्न आफ्नो अटल प्रतिबद्धता व्यक्त गरेका छन् ।

